# ललितपुर उप महानगरपालिका कार्यालयको

## खुल्ला प्रतियोगिताद्वारा पदपूर्ति सम्बन्धी दरखास्त आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७३/०९/०१**

**सूचना नं.३/०७३/०७४**

ललितपुर उप महानगरपालिकामा रिक्त रहेका तपसीलका तह, सेवा र समूहका पदहरुको खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २२३ को उपनियम (२) र (३) मा व्यवस्था भए बमोजिम सम्भाव्य उम्मेदवारहरुले ललितपुर उप महानगरपालिका पदपूर्ति समितिबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई म्याद भित्र रितपूर्वकको दरखास्त दिन पदपूर्ति समितिको मिति २०७३।०८।३० गतेको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | बि.नं. | पद, तह, सेवा /समूह/ उपसमूह | समावेशी | | | | खुला | जम्मा पद संख्या | परिक्षा कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आदिवासी जनजाती | मधेसी | दलित | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १ | १०/०७३/०७४ | शाखा अधिकृत, अधिकृत स्तर छैठौं, प्रशासन/सा.प्रशासन | १ | १ | १ | १ | ६ | १० (दश) | २०७३/१२/६ बिहान ८:०० बजे | २०७३/१२/७ बिहान ८:०० बजे | २०७३/१२/८ बिहान ८:०० बजे |
| २ | ११/०७३/०७४ | नायब सुब्बा, सहायक स्तर पांचौ, प्रशासन/सा.प्रशासन | १ | १ | १ | - | ३ | ६(छ) | २०७३/१२/९ बिहान ८:००बजे | २०७३/१२/१० बिहान ८:०० बजे | |
| ३ | १२/०७३/०७४ | खरिदार, सहायक स्तर चौथो, प्रशासन/सा.प्रशासन | २ | १ | १ | १ | ७ | १२ (बान्ह) | २०७३/१२/११ बिहान ८:०० | २०७३/१२/१२ बिहान ८:०० बजे | |

**द्रष्टव्य:**

परीक्षा केन्द्र:- पछि सूचना प्रकाशित गरिने छ ।

परिक्षाको किसिम : लिखित र अन्तर्वाता

दरखास्त फाराम दस्तुर:- रु.१०० (एक सय),

परीक्षा दस्तुर: सहायक स्तर पाँचौं तहको लागि रु. ४००।- (चार सय) र सहायक स्तर चौथो तहको लागि रु.३००।- (तिन सय) र प्रत्येक थप समावेशी समूहको लागि थप रु.२००।- (दुईसय)

उम्मेदवारको उमेर हद :- दरखास्त दिने अन्तिम मितिसम्ममा सहायक स्तरको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, र महिलाको हकमा ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

दरखास्त दिने अन्तिम मिति:- २०७३/०९/२१ सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दोब्बर दस्तुर तिरी थप ७ (सात) दिन भित्र ।

परीक्षा दस्तुर बुझाउने स्थान :- ललितपुर उप महानगरपालिकाको राजश्व प्रशासन महाशाखामा रकम बुझाएको सक्कल रसिद दरखास्त फाराममा संलग्न गरी प्रशासन महाशाखामा बुझाउनु पर्नेछ ।

अन्तर्वार्ता हुने मिति:- लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा प्रकाशन गरिनेछ । पदमा रही गर्नुपर्ने कामको विवरण:- सेवा, समूह सम्बन्धी । तलब:- प्रचलित स्केल बमोजिम ।

आवश्यक न्यूनतम योग्यता

१) शाखा अधिकृत छैठौं तहको लागि :- मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण

२) सहायक स्तर पांचौ तह को लागि :- मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण

३) सहायक स्तर चौथो तह को लागि :- मान्यताप्राप्त शिक्षण संस्थाबाट सम्बन्धित एस.एल.सी. वा सो सरह उत्तीर्ण

**द्रष्टव्य:**

(क) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । ललितपुर उप महानगरपालिकामा कार्यरत कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ख) स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २२७ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(घ) पदपूर्ति समितिको सचिवालयद्वारा तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ङ) लिखित परीक्षामा सहयोगी लेखक माग गर्ने उम्मेदवारले परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७(सात) दिन अगावै पदपूर्ति समितिको सचिवालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन पदपूर्ति समिति वाध्य हुने छैन ।

(च) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता तथा समावेशी तर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(छ) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण, ट्रान्सक्रिप्ट प्राप्त गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ ।

(ज) परीक्षामा कालो मसीमात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(झ) पाठ्यक्रम ललितपुर उप महानगरपालिकाको Website: www.lalitpurmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**पदपूर्ति समितिको सचिवालय,**

**ललितपुर उप महानगरपालिका**